का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ असोज २०८०, बिहीबार
12 October 2023, Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक २५९ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# छोरालाई मुद्दा बाबु बाहिरै

९ किलो सुन तस्करी प्रकरणमा जोडिएका राहुल महराविरुद्ध मुद्दा दर्ता हुँदा सोही विषयमा मुछिएका राहुलका बाबु कृष्णबहादुर महरा प्रकरणमा संलग्न भएका भनिएकाहरुको सूचीबाट बाहिरै छन्।





"संगठित अपराध, भन्सार छलीलगायत कसुर गरेको आरोपमा राहुलसहित लोकेन्द्रकुमार पौडेल, बेल्जियमका नागरिक दावा छिरिङ र काठमाडौंका निमा गुरुङविरुद्ध अभियोजन दर्ता भएको छ।"

**अच्युतमणि नेउपाने**
प्रमुख, जिल्ला सरकारी वकिल कार्यालय

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ असोज

विद्युतीय चुरोट भेपमार्फत भएको ९ किलो सुन तस्करीमा संलग्न भएको आरोपमा राहुल महरासहित चार जनाविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता भएको छ।

भेपमार्फत भएको सुन तस्करीमा जोडिएको भनी राहुलविरुद्द मुद्दा दर्ता हुँदा सोही विषयमा मुछिएका राहुलका बाबु कृष्णबहादुर महरा प्रकरणमा संलग्न भएका भनिएहरुको सूचिबाट बाहिरै छन्।

संगठित अपराध, भन्सार छलीलगायत कसुर गरेको आरोपमा राहुलसहित चार जनाविरुद्ध मुद्दा दायर गरिएको जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख, सहन्यायाधिवक्ता अच्युतमणि नेउपानेले बताए। उक्त कसुर गरेको आरोपमा राहुलसहित काठमाडौंका लोकेन्द्रकुमार पौडेल, कपुरधारा बस्ने बेल्जियमका नागरिक दावा छिरिङ, काठमाडौंको बौद्धका निमा गुरुङविरुद्ध अभियोजन दर्ता भएको छ।

अभियुक्त निमा हाल फरार छन् भने दावा ६१ किलो सुन तस्करीका आरोपी समेत हुन्। अघिल्लो वर्ष २०७९ पुस १० गते दुबईबाट भेपमा लुकाएर करिब नौ किलो सुन तस्करी भएको थियो। यसमा पूर्वसभामुख तथा माओवादी नेता कृष्णबहादुर महरा पनि मुछिएका थिए। तर उनीविरुद्ध मुद्दा दर्ता भएको छैन।

चारै जनाले आपराधिक विश्वासघात र भन्सार छलीको कसुरसमेत गरेको अभियोग पत्रमा उल्लेख छ। प्रतिवादीविरुद्ध ८ करोड ५५ लाख २८ हजार ३७४ बिगो कायम गरिएको छ।

अभियोग पत्रमा प्रतिवादीहरुको संलग्नतामा प्रतिवादीहरुले अन्तराष्ट्रिय रुपमा संगठन तथा सञ्जाल विस्तार गरी उक्त सञ्जाल नेपालमा समेत संगठित भएको समूहलाई सहयोग, मद्दत गरी >>> पृष्ठ २ मा

कोशी प्रदेश

# मुख्यमन्त्रीमा आङ्बो प्रस्तावित

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ असोज

कोशीको मुख्यमन्त्रीमा नेकपा माओवादी केन्द्रले दाबी गरेको छ। नेताहरुका अनुसार माओवादी केन्द्रको नेतृत्वमा सरकार बनाउन संघीय सरकारमा गठबन्धन गरिरहेका दलहरु सकारात्मक भएका छन्।

नेपाली कांग्रेसले आफ्नै नेतृत्वमा कोशीमा सरकार बनाउने पहल गरेको थियो। तर, यसअघि दुई पटक कांग्रेस नेतृत्वमा सरकार बनाएको र असफल भएको स्मरण गर्दै माओवादीले तेस्रो पटकमा आफूले पाउनुपर्ने अडान राखेको छ। माओवादीको अडानमा कांग्रेस सभापति शेरबहादुर देउवा लचिलो भएका छन्। तर, कांग्रेसकै डा. शेखर कोइराला पक्षधर भने माओवादी नेतृत्वमा कोशीमा सरकार बनाउन अनिच्छुक छ।

तथापि, कांग्रेसको संस्थापन पक्ष लचिलो भएपछि माओवादी केन्द्रमा कोशीमा माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोलाई मुख्यमन्त्रीका रुपमा सत्ता गठबन्धनभित्र अगाडि सारेको छ।



"कोशीमा आङ्बोलाई मुख्यमन्त्रीमा प्रस्ताव गर्नु अगाडि मंगलबार सिंहदरबारमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनबीच भेटवार्ता भएको थियो। त्यसक्रममा प्रधानमन्त्री प्रचण्डले कोशी सरकार गठनमा सहयोग गर्न आग्रह गरेका थिए।"

कोशीमा राप्रपाको साथ लिएर सत्ता गठबन्धनले सरकार बनाउन खोजेको छ। तर राप्रपाले यसबारे औपचारिक निर्णय लिन शुक्रबार बिहान ८ बजे बस्ने पदाधिकारी बैठक राखेको छ।

कोशीमा आङ्बोलाई मुख्यमन्त्रीमा प्रस्ताव गर्नु अगाडि मंगलबार सिंहदरबारमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनबीच भेटवार्ता भएको थियो। त्यसक्रममा प्रधानमन्त्री प्रचण्डले कोशी सरकार गठनमा सहयोग गर्न आग्रह गरेका थिए।

कोशीमा कांग्रेस नेतृत्वमा सरकार गठन गर्न राप्रपाले नमानेको भन्दै माओवादीले आफ्नै नेतृत्वमा नयाँ सरकार बनाउने गरी पहल थालेको हो। ९३ सदस्यीय कोशी प्रदेश सभामा >>> पृष्ठ २ मा

# कर्णाली प्रदेशले दिएको सन्देश

प्रदेश सरकारको औचित्यमाथि कतिपयले प्रश्न गरिरहेका बेला कर्णाली प्रदेश सरकारले किसान केन्द्रित निर्णय लिएको हो। यसअघि प्राकृतिक प्रकोपले कर्णाली प्रदेशका विभिन्न जिल्लाहरुमा बालीनाली तथा पशुपन्छीको क्षति भएको थियो।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २४ असोज

कर्णाली प्रदेश सरकारले भदौ र असोजमा परेको वर्षा र हावाहुरी लगायत प्राकृतिक प्रकोपवाट क्षती बेहोरेका किसानहरुलाई राहत प्रदान गर्न ६ करोड रुपैयाँ छुट्याएको छ।

प्रदेश सरकारको औचित्यमाथि कतिपयले प्रश्न गरिरहेका बेला कर्णाली प्रदेश सरकारले किसान केन्द्रित निर्णय लिएको हो। यसअघि प्राकृतिक प्रकोपले कर्णाली प्रदेशका विभिन्न जिल्लाहरुमा बालीनाली तथा पशुपन्छीको क्षति भएको थियो।

कर्णाली प्रदेशको बुधबार बसेको मन्त्रिपरिषद बैठकले उक्त निर्णय गरेको सरकारका प्रवक्ता कृष्णबहादुर जिसीले जानकारी दिए। उनी भन्छन्, 'सरकार जनताका लागि हो। प्राकृतिक प्रकोपमा परेका किसानलाई थोरै राहत दिन सकिन्छ कि भन्ने ध्ययले राहत प्रदान >>> पृष्ठ २ मा



*कञ्चनपुरको शुक्लाफाँट नगरपालिका–७ सिमलफाँटामा गएराति हात्तिको बथानले धानबालीमा गरेको क्षतिबारे जानकारी दिँदै किसान। तस्वीरः राजेन्द्रप्रसाद पनेरु, रासस*

## वैदेशिक रोजगार विशेष

# साउदीको म्याकडोनाल्ड्समा विदेशी कामदारमाथि चर्को शोषण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असोज

साउदी अरेबियामा विश्वको सबैभन्दा शक्तिशाली फास्ट-फुड चेन म्याकडोनाल्ड्सले विदेशी कामदारमाथि चर्को शोषणा गर्ने गरेको एक अनुसन्धानमूलक समाचार सार्वजनिक भएको छ।

संयुक्त राज्य अमेरिका, ब्रुकलीन, न्यूयोर्ककी एक खोज पत्रकार केटी म्याक्यु र अमेरिकाको टेक्सासका नेपाली स्वतन्त्र खोज पत्रकार प्रमोद आचार्यले इन्टरनेशनल कन्सोर्टियम अफ इन्भेस्टिगेटिभ जर्नलिस्ट (आईसीआईजे)का लागि गरेको अनुसन्धानमा म्याकडोनाल्ड्स कम्पनीमा कार्यरत नेपालीसहित विदेश कामदारमाथि शोषण भएको दाबी गरिएको छ। विश्वका सय देशमा २ सय ८० खोज पत्रकारहरूको विश्वव्यापी नेटवर्क भएको उक्त संस्थाले आफ्ना खोज गहन अध्ययनमा आधारित रहेको बताएको छ। >>> पृष्ठ २ मा

## भिसाको भाषा बुझाउन कर्मचारीलाई अरेबियन भाषाको तालिम

**काठमाडौं/मस–** वैदेशिक रोजगार कार्यालय ताहाचलले भिसाको भाषा बुझाउन कर्मचारीलाई अरेबियन भाषा तालिम दिने भएको छ। विभागले कर्मचारीका लागि १५ दिने अरेबियन भाषा कक्षाको शुरुवात गरिएको जनाएको छ।

भाषा कक्षामा वैदेशिक रोजगार कार्यालय ताहाचलमा कार्यरत कर्मचारीसहित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगारी विभागका कर्मचारीसमेतलाई सहभागी गराउने कार्यालयले बताएको छ। नेपाली कामदार वैदेशिक रोजगारीका लागि जाने श्रम >>> पृष्ठ २ मा


**दशैं लगतै उड्न पर्ने Visa १० दिनमा पाइने !!**
**DUBAI मा Security Guards हरुलाई रोजगारको अवसर**

कम्पनी: BLUE DIAMOND SECURITIES — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०६/२३ — चलानी नं.: ६०२०९०४४ — LT. No.: 293908

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 5 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Life Guard | 5 | 0 | | 1200 | ४३,४१६ | | | | | | | |

फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २५, २६ र २७ गते (12, 13 & 14 October 2023)
आज भोली र पर्सी मा हुनेछ।

नोटः
- Security Allowance र Overtime सहित 2000 AED तय गरिनेछ।
- राम्रोसंग अंग्रेजी बोल्न, लेख्न सक्ने र उचाई ५.६ इन्च माथि हुनु पर्नेछ।
- उमेर २२ वर्ष देखि ३७ वर्ष र DPS/SIRA Certificate भएको हकमा ४१ वर्षसम्मकोले अन्तर्वार्ता दिन सकिनेछ।
- गल्फ, मलेसिया रिटर्न तथा नेपालमै सेक्युरिटी सम्बन्धी काम गरेका वा नगरेको जो कोहीले अन्तर्वार्ता दिन सकिनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला।

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.**
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207 | 4982296 | E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690 | 9801175503 | 9801051244 | 9801175502
श्रम इजाजत नं. ६३९/०६३/०६४



**FREE VISA FREE TICKET AMERICAN BASE CAMP**

कम्पनी: THE BRIDGE GEN.TRADE.& CONT.CO. — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०६/२३ — चलानी नं.: ६०२०८९६८ — LT. No.: 293854

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४७,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician | 5 | 0 | | 110 | ४७,२८५ | | | | | | | |
| 3. | Foreman | 5 | 0 | | 195 | ८३,८२३ | | | | | | | |
| 4. | Helper | 10 | 0 | | 90 | ३८,६८७ | | | | | | | |
| 5. | Labour | 25 | 0 | | 90 | ३८,६८७ | | | | | | | |
| 6. | Painter | 5 | 0 | | 110 | ४७,२८५ | | | | | | | |
| 7. | Plumber | 10 | 0 | | 120 | ५१,५८३ | | | | | | | |
| 8. | Storekeeper | 15 | 0 | | 130 | ५५,८८२ | | | | | | | |
| 9. | Technician | 15 | 0 | | 130 | ५५,८८२ | | | | | | | |

प्रि–अन्तर्वार्ता धमाधम भइरहेको छ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० कार्तिक १ गते (18 October 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

यस कम्पनीको लागि Logistics Specialist, Warehouse Specialist, Fuel Distributor System Operator, Heavy Truck Driver, Foreman Laborer, Generator Foreman, Motor Vehicle Mechanic, Motor Vehicle Mechanic Helper, Automotive Painter, Maintenance Technician, Tools and Parts Attendant, Tactical Vehicle Mechanic, Equipment Operator Heavy, Heating, Ventilation and Air-Conditioning Mechanic, Equipment Operator Heavy, Fuel Distribution Systems Foreman, ROWPU Operator, Foreman Maintenance Mechanic, Master Mechanic, MCT Foreman, Generator Mechanic, Desk Clerk, General Maintenance Worker, HVAC Mechanic, Materiel Handling Laborer, Recreation Specialist, Warehouseman को पनि आवश्यकता रहेको छ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Ajeets Management and Development Company Pvt. Ltd.**
Tara Hall Chowk, Sinamangal -9, Kathmandu
Phone : 014579390, 4579391 | 9823463896 (Whatsapp)
E-mail : nepalajeets@gmail.com
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०



**VACANCY ANNOUNCEMENT**
WE'RE HIRING

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला।

SOURCING MANAGER - 5 (M/F)
Experience minimum 3 years related field
SALARY Negotiable

SEND YOUR CV: info@neelkamalnepal.com
5916713 | 5916714 | 9813175454

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
Govt. Lic. No. 793/065/066

# शिशु बिक्री गर्ने डाक्टरसहित तीन जना जेल चलान



**काठमाडौं/मस–** नवजात शिशुलाई बेपत्ता बनाएर बिक्री गर्ने डाक्टरसहित तीन जना जेल चलान भएका छन् ।

जिल्ला अदालत मोरङका न्यायाधीश अम्बिकाप्रसाद दाहालको इजलासले बुधवार डाक्टर तपेश्वरलाल कर्णसहित कटहरी-४ का सूर्यनारायण राजवंशी र भोजपुरको हतुवा गढी गाउँपालिका-४ घर भएका २७ वर्षीय गोविन्द राईलाई पुर्पक्षका लागि जेल पठाउने आदेश दिएको हो । मिलेमातोमा नवजात शिशु बेपत्ता पारेको भन्दै ६ जनाविरूद्ध मुद्दा दायर भएको थियो । यसमध्ये तीन जना पुर्पक्षका लागि थुनामा गएका छन् भने तीन जना धरौटीमा रिहा भएका छन्।

मोरङ कटहरी-२ आदर्शटोलकी ३३ वर्षीया सुधा भन्ने सुक्री राजवंशी दुई लाख रूपैयाँ रिहा भएकी छन् । यस्तै सिरहाको कल्याणपुर नगरपालिका १२ की ३८ वर्षीया नर्स निर्मला यादव एक लाख रूपैयाँ र ४७ वर्षीया दिलमनी देवी राजवंशीलाई दस हजार रूपैयाँ धरौटी रकम लिएर रिहा गर्ने आदेश भएको छ ।

जिल्ला सरकारी वकिलको कार्यालयले पक्राउ परेका ६ जना प्रतिवादीविरूद्ध अपहरण तथा व्यक्ति वेपत्ता, एकीकृत कसुर सम्बन्धी मुद्दा दायर गरेको थियो । भोजपुर हतुवागढी-४ का २७ वर्षीय अविवाहित गोविन्द राई र उनकी २६ वर्षीया प्रेमिकाको सम्बन्धबाट असार १४ मा शिशु जन्मिएकी थिइन् ।

विराटनगरको ग्रीनक्रस अस्पतालमा सामान्य अवस्थामा जन्मिएकी शिशुलाई डा. कर्णले मोरङको कटहरी-२ आदर्श टोलका सूर्यनारायण राजवंशी दम्पतीलाई ५ लाख रूपैयाँमा बिक्री गरेको खुलेको थियो। डा. कर्णले शिशुको व्यवस्थापनका लागि अविवाहित बाबुसँग पनि ३५ हजार रूपैयाँ लिएको पुष्टि खुलेको छ ।

# ३८ हजार बढी डेंगुबाट संक्रमित

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सन् २०२३ को सेप्टेम्बरसम्म डेंगुबाट संक्रमित हुनेको संख्या ३८ हजार ६९ जना पुगेको जनाएको छ ।

मन्त्रालय अन्तरगतको इपिडिमियोलोजी तथा रोगनियन्त्रण महाशाखाले सार्वजनिक गरेको तथ्यांकअनुसार हालसम्म ७६ जिल्लाका ३८ हजार ५९ जना डेंगुबाट संक्रमित रहेको र २० जनाले ज्यान गुमाएका छन् ।

महाशाखाका निर्देशक डा.रुद्र मरासिनीले डेंगुको संक्रमण कायमै रहेको र जतिबेला पनि महामारी फैलन सक्ने भन्दै सचेत रहन आग्रह गरेका छन् । हालसम्म कूल संक्रमित संख्यामा प्रदेशअनुसार सबैभन्दा धेरै कोशी प्रदेशमा २३ हजार नौ सय पाँच जना (६२ दशमलव आठ प्रतिशत) संक्रमित भएका छन् भने सबैभन्दा कम संक्रमित प्रदेश कर्णाली एक सय २८ जना (शुन्य दशमलव ३ प्रतिशत) छन् ।



त्यस्तै मधेश प्रदेशमा पाँच सय ९० जना (एक दशमलव छ), बागमती प्रदेशमा चार हजार आठ सय ८३ जना (१२ दशमलव आठ प्रतिशत), गण्डकी प्रदेशमा छ हजार आठ सय १८ जना (१७ दशमलव नौ प्रतिशत), लुम्बिनी प्रदेशमा छ सय ५५ जना (१ दशमलव सात प्रतिशत) र सुदूरपश्चिम प्रदेशमा एक हजार ८० जना (दुई दशमलव आठ प्रतिशत) संक्रमण देखिएको छ ।

जिल्लागत हिसाबले सबैभन्दा धेरै क्रमशः सुनसरी जिल्लामा १६ हजार ९६ जना (४२ दशमलव तीन प्रतिशत) संक्रमित भएका छन् । तनहुँमा चार हजार छ सय ५१ जना (१२ दशमलव दुई प्रतिशत), झापामा तीन हजार पाँच सय ८१ जना (नौ दशमलव ४ प्रतिशत), धादिङमा तीन हजार एक सय ३० जना (आठ दशमलव दुई प्रतिशत), मोरङमा दुई हजार दुई सय ७४ जना (छ प्रतिशत), कास्की जिल्लामा एक हजार चार सय ८१ जना (तीन दशमलव नौ प्रतिशत), र काठमाडौंमा आठ सय दुई जना (दुई दशमलव एक प्रतिशत) संक्रमित भएका छन् भने अन्य जिल्लामा छ हजार ४४ जना (१५ दशमलव नौ प्रतिशत) डेंगुबाट संक्रमित भएका छन् ।

कुल डेंगु संक्रमित संख्यामा अगष्टमा मात्र सङ्क्रमित संख्या १३ हजार आठ सय ४६ जना पुगेको थियो । सेप्टेम्बरमा ११ हजार पाँच सय ८० जना र अक्टोबर ११ सम्म चार हजार सात सय ९० जना संक्रमित भएका छन् । गतवर्ष अक्टोबर महिनामा १७ हजार आठ सय ८९ मा डेंगु संक्रमण देखिएको थियो । डेंगु रोग डेंगु भाइरसबाट संक्रमित एडिज जातका लामखुट्टेको टोकाइबाट सर्दछ ।

महाशाखाले एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भाँडोमा पनि हुर्कनाले लामखुट्टेले फूल पार्न सक्ने सम्भावित घर र विद्यालयभित्र र वरपरका पानी जम्ने सबै ठाउँ र पानी राख्ने भाँडा खोजी सफा गरौं र लामखुट्टेको फूल नष्ट गरौं लगायतका डेंगु नियन्त्रणका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

# ‘बालअधिकार सुनिश्चित गर्न तीनै तहका सरकारबीच समन्वय आवश्यक’



**काठमाडौं/मस–** महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले बालअधिकारको सुनिश्चितताका लागि तीन वटै तहका सरकारबीच सहकार्य र समन्वय हुनुपर्नेमा जोड दिएका छन् ।

अन्तर्राष्ट्रिय बालिका दिवसका अवसरमा बुधबार राष्ट्रिय बालअधिकार परिषदद्वारा आयोजित मूल समारोह समितिको कार्यक्रममा मन्त्री आचार्यले बालिकालाई शुभकामना दिँदै बाल अधिकारको सचेतनाको अभावका कारण गर्भमै लिङ्गको पहिचान गर्ने, बालबालिका हराउने र जोखिममा पर्ने, बालविवाहमा पर्ने जस्ता समस्याको सम्बोधनका लागि राज्यले थप लगानी गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले बालअधिकारसम्बन्धी अन्तर ाष्ट्रिय महासन्धि र राष्ट्रिय ऐन, नियम र नीतिको कार्यान्वयनका लागि तीन वटै तहका सरकारका निकाय र गैह्रसरकारी संस्थालाई आग्रह गरे ।

मन्त्रालयका सचिव सुमनराज अर्यालले बालअधिकारको कार्यान्वयनका लागि सरकारी र गैह्रसरकारी निकायबीचको सहकार्य र समन्वयलाई प्रभावकारी बनाइने बताए । सोही मन्त्रालयकी सहसचिव इन्दु घिमिरेले कुरीतिविरुद्धको जनचेतना जगाउने कार्यक्रम राखिएको जानकारी दिइन् ।

संयुक्त राष्ट्रसंघीय बालविकास कोष (युनिसेफ)का राष्ट्रिय प्रतिनिधि एलिस अकुङ्गाले बालिकाको अधिकारको संरक्षण, प्रवर्द्धन र वकालतका लागि आफूहरुको सहकार्य जारी रहने बताए । परिषद्का उपाध्यक्ष बमबहादुर बाँनियाले बालबालिकाको अधिकारको सुनिश्चितताका लागि भएका नीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि केन्द्र, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्य आवश्यक रहेको बताए ।

कार्यक्रममा सहभागीले उठाएका सवालमा जवाफ दिँदै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयकी उपसचिव रोशनीदेवी कार्कीले गर्भमै लिङ्गको पहिचान गर्ने गलत अभ्यासलाई निरुत्साहन गर्दै सन् २०३० सम्ममा विभेदपूर्ण लिङ्ग विभेद् अन्त्यका लागि रणनीति बनाइएको जानकारी दिइन् ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव दुर्गा कँडेलले विद्यालय जाँदा आउँदा समाजमा र घरपरिवारमा किशोरीमा हुने हिंसा र दुर्व्यवहारको अन्त्यका लाग सञ्जाल गठन गरेर गुनासो सुनुवाइ संयन्त्रको सञ्चालन गरिएको जनाइन् ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव प्रतिभा गौतमले १४ वर्षसम्म बालबालिकालाई कुनै पनि काममा लगाउन नपाइने र १८ वर्षसम्म जोखिमपूर्ण काम तथा बालश्रममा लगाउन नपाइने भएकाले कानुनको कार्यान्वयनमा सहयोग गर्न सबैमा आग्रह गरिन् ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका निर्देशक देवी पाण्डे खत्रीले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण व्यवस्थापनका क्रममा किशोरीमैत्री वातावरण सिर्जना गरिने जनाइन् । बालअधिकारसम्बन्धी राष्ट्रिय सञ्जालका अध्यक्ष ऋतु भट्ट (राई) ले समतामूलक र न्यायपूर्ण समाज निर्माणका लागि बालिकामाथि राज्यले लगानी बढाउनुपर्ने माग गरिन् ।

कार्यक्रममा सात प्रदेशका प्रतिनिधि किशोरीहरुले दाइजो प्रथा, बाल विवाह, बाल श्रम, छाउपढी, बेचबिखन र अनलाइन यौन दुर्व्यवहारको अन्त्य, निःशुल्क विद्यालय शिक्षाको सुनिश्चितता, न्यायमा पहुँच, बालिका मैत्री भौतिक पूर्वाधार निर्माण, बालबालिकाका क्षेत्रमा लगानी वृद्धि, बालिकामाथिको विभेद्को अन्त्य र सामाजिक सुरक्षाका सवालमा आवाज प्रस्तुत गर्दै सुझावमन्त्री आचार्यलाई हस्तान्तरण गरेका थिए । सन् २०११ देखि हरेक अक्टुबर ११ मा मनाउन थालिएको यो दिवसको यस वर्षको नारा ‘बाल अधिकारमा लगानी : हाम्रो नेतृत्व र सहज जीवनयापन’ रहेको छ ।

# बैंकर्स पन्तले वृद्धाश्रममा मनाए जन्मदिन

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, २४ असोज

गुल्मीको रुरुक्षेत्र गाउँपालिका बलेटक्सारमा रहेको मेगा बैंक शाखा प्रमुख विज्ञान पन्तले आफ्नो जन्मदिन वृद्धाश्रममा मनाएका छन् ।

जन्मदिनको अवसरमा पन्तले रुरुक्षेत्र गाउँपालिका वडा नम्वर १ मा रहेको मानव कल्याण वृद्धाश्रमका आमाहरुलाई फलफूल र जुस वितरण गरेर जन्मदिन मनाएका हुन् ।



पन्तले आश्रममा रहेका १२ जना वृद्धाहरुलाई फलफूल र जुस वितरण गरेका हुन् । विभिन्न समस्या र कालखण्डमा रिडि क्षेत्रमा आएर बसोबास गर्दै आएका वृद्ध आमाहरुलाई मानव कल्याण वृद्धाश्रम भनि नाम राखेर विभिन्नसँग संस्थाले सहयोग गर्दै आएका छन् ।

वृद्धाश्रममा रहेका आमाहरुको मुख्य आम्दानीको स्रोत नेपाल सरकारले दिने सामाजिक सुरक्षा भत्ता रहेको आश्रमकी एक आमाले बताइन् ।

जन्मदिन मनाउन आश्रम पुगेका पन्तले यो एउटा अवसर भएको बताए । उनले भने,‘जन्मदिनको अवसरमा ती आश्रमका बुवा आमालाई आफ्नो सन्तानको जन्मदिन मनाउन पाएको र एक्ला बुवा आमालाई हामी पनि साथमा र सँगै छौं’ भन्ने आवास दिलाउन आश्रममा पुगेर जन्मदिन मनाएको बताए ।

बैंकर्स पन्तले हरेक वर्ष जन्मदिनमा विभिन्न संघसंस्था र विभिन्न सामाजिक काममा सहयोग गरेर जन्मदिन मनाउँदै आएका छन् ।

## छोरालाई...

आफूहरुलाई समेत आर्थिक लाभ प्राप्त गर्ने र राज्यलाई हानी नोक्सानी पुऱ्याउने कार्य गरेको उल्लेख छ । उनीहरुको कार्य संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ मा निषेधित एवं परिभाषित एवं त्यस अनुसारको कसूर गर्न सोही ऐनको दफा ४ बमोजिमको कसूर गरेको पुष्टि हुन आएको उल्लेख छ । अनुसन्धान अधिकारीहरुका अनुसार शंकास्पद रुपमा भेप ल्याएको पाइएपछि नियन्त्रणमा लिएर सामान गोदाममा सिल गरेर राखिएको थियो । तर त्यही सिल गरेकै अवस्थामा भेप चोरी भएको थियो । त्यसको अनुसन्धान गर्ने क्रममा भेपमा सुन आएको पाइएको थियो ।

अनुसन्धान अधिकारीले बताए अनुसार भन्सारले भेप नियन्त्रणमा लिएपछि पूर्वसभामुख महरा र उनका छोरा राहुलले पटक-पटक भन्सारका कर्मचारीलाई फोन गरी छुटाउन दबाब दिएका थिए । सीआईबीले गरेको सोधपुछमा समेत महराले त्यो कुरा स्विकारेका थिए । तर मुद्दा दायर हुँदा बाबुलाई उन्मुक्ति दिएर छोरा राहुल र अरु ३ जनालाई प्रतिवादी बनाएको छ ।

## कोशी...

बहुमतका लागि ४७ जना सांसदको समर्थन चाहिन्छ ।

कोशीमा नेकपा एमालेका ४० जना, नेपाली कांग्रेसका २९ जना, नेकपा माओवादी केन्द्रका १३ जना, राप्रपाका ६ जना, नेकपा एकीकृत समाजवादीका ४ जना र जसपाका १ जना सांसद छन् । सत्ता गठबन्धनसँग बहुमत ४७ मत छ । तर, विश्वासको मत लिँदा यो संख्या तलमाथि हुन सक्ने त्रास र सभामुख चयनलाई समेत ध्यान दिएर सत्ता गठबन्धनले राप्रपाको साथ खोजेको हो ।

मुख्यमन्त्री हिक्मत कार्कीले यही असोज २० गते पदबाट राजीनामा दिएपछि प्रदेश प्रमुख परशुराम खापुङले असोज २६ गते शुक्रबार साँझ ५ बजेभित्र संविधानको धारा १६८ को उपधारा ५ अनुसार सरकार गठनका लागि समय दिएका छन् । यस उपधारा अनुसार सरकारको नेतृत्वका लागि दाबी गर्न ४७ जना सांसदकै हस्ताक्षर आवश्यक पर्छ । सांसदले समर्थन दिन स्वतन्त्र रुपमा पाउँछन् । यस उपधारा अन्तर्गत सरकार बनाउन र विश्वासको मत दिन दलहरुले ह्वीप लगाउन नपाउने संवैधानिक व्यवस्था र सर्वोच्च अदालतको व्याख्या छ ।

यसअघि दुई वा दुई भन्दा बढी दलको सरकार अल्पमतको सरकार बनिसकेको छ । सबै विकल्पहरु सकिएपछि सांसदले स्वतन्त्र रुपमा सरकार बनाउने उपधारा अनुसार सरकार गठनको प्रक्रिया अगाडि बढेको हो ।

## कर्णाली...

गर्न ६ करोड रुपैयाँ छुट्याएको छ ।’ उनका अनुसार बुधबारकै बैठकले नेपाल बार एशोसियनको बार्षिक साधारण सभाका लागि १५ लाख अनुदान दिने निर्णय पनि गरेको छ । कर्णाली प्रदेश सरकारले इजरायलमा हमासको आक्रमणमा परि मृत्यु हुने कर्णाली प्रदेशका नागरिकका परिवारलाई तीन लाख प्रदान गर्ने घोषणा गरेको छ ।

## साउदीको...

अनुसन्धानका लागि वर्तमान र पूर्व गरी करिब एक सय कामदारको अन्तर्वार्ता लिएको भन्दै सार्वजनिक रिपोर्टमा उक्त कम्पनीमा श्रम बेचबिखनको सूचक मानिने गलत अभ्यासहरू भइरहेको उल्लेख छ । साउदी राजकुमार मिशाल बिन खालिद अल-साउदको लगानी रहेको म्याकडोनाल्ड्स यसअघि दुई पटक फ्रेन्चाइजीहरूका लागि उच्चतम प्रशंसाको साथ गोल्डेन आर्च अवार्डबाट सम्मानित भएको थियो । साउदी अरबमा म्याकडोनाल्ड्सका दुई सय बढी आउटलेटहरू रहेका छन् ।

समाचारमा फिलिपिन्सका कामदार म्याक्रे ली र नेपाली कामदार बुद्धमान सुनारलाई उद्धृत गरिएको छ । उनीहरूले प्रिन्सको रियाद इन्टरनेशनल क्याटरिङ कर्पोरेशनको स्वामित्वमा रहेको म्याकडोनाल्ड्समा कठोर र अनुचित परिस्थितिमा काम गरेको बताएको उल्लेख गरिएको छ ।

फिलिपिन्सका लीले भनेका छन्, ‘स्टोर प्रबन्धकहरूले उनलाई दिनको २२ घण्टा र सयौं घण्टा बेतलबी ओभरटाइम काममा लगाए । ज्वरोले बिरामी हुँदा पनि आरामको लागि बिदा दिन अस्वीकार गरिएको थियो ।’

नेपाली कामदार सुनारलाई उद्धृत गर्दै समाचारमा भनिएको छ, ‘उनले प्रिन्सको फास्ट फुड आउटलेटहरूमा काम पाउन नेपालमा रोजगार एजेन्टलाई अनपेक्षितरूपमा धेरै रकम तिर्नुपरेको छ । एक पटक उनी साउदीको राजधानी रियादमा पुगेपछि निरन्तर १४ घण्टाको सिफ्टमा काम गर्नु पऱ्यो । प्रबन्धकहरूले उनलाई टाउकोमा दिमाग नभएको जानवर भन्दै दुर्व्यवहार गरे ।सन् २०२२ मा साउदी म्याकडोनाल्ड्सको फ्रेन्चाइजीको जागिर छोडेका सुनारले इन्टरनेशनल कन्सोर्टियम अफ इन्भेस्टिगेटिभ जर्नलिस्टसँगको अन्तर्वार्तामा भनेका थिए, ‘मैले फसेको महसुस गरें । मलाई जेलमा छु जस्तो लाग्यो ।’

साउदी अरेबियाका सयौं म्याकडोनाल्ड्स फ्रेन्चाइजी रेस्टुरेन्टहरूले हजारौं कामदारहरूलाई रोजगार दिन्छन् । ती कम्पनीमा काम गर्ने नेपालीसहित विदेश कामदारहरूले आफ्नै देशमा एजेन्टहरूले उनीहरूलाई अत्यधिक मात्रामा शुल्क तिर्न बाध्य पारेको दाबी गरेका छन् । अन्तर्वार्ता लिइएका ९७ आईसीआईजेसँग कुरा गर्नेमध्ये नेपालका ५४ जना कामदारहरू रहेको बताइएको छ ।

म्याकडोनाल्ड्सका कामदार सुनारले नेपालको एउटा म्यानपावर कम्पनीलाई ६०० डलरभन्दा बढी शुल्क तिरेको र कतिपय कामदारले एजेन्टहरूलाई २ हजार ३ सय अमेरिकी डलरसम्म शुल्क तिरेको बताएको रिपोर्टमा उल्लेख छ ।

## भिसाको...

गन्तव्य मुलुकबाट भिसाको व्यहोरा अरेबियन भाषामा रहने गरेको छ । विभागमा भाषा अनुवादको दरबन्दी भएपनि कार्यालयले कर्मचारीलाई अरेबियन भाषा कक्षा सञ्चालन गरिनु महत्वपूर्ण हुने निष्कर्षसहित भाषा कक्षा सञ्चालन गर्न लागेको बताएको छ ।

भाषा तालिमपछि भिसा जाँच, मागपत्र र भिसामा उल्लेख हुने पेशाको जाँचलगायत प्रक्रिया पूरा गरी श्रम स्वीकृति प्रदान गर्ने काममा कर्मचारीको दक्षता बढ्ने उक्त कार्यालयले बताएको छ ।

भाषा अनुवाद नहुँदा बेला-बेला श्रम स्वीकृतिका जरुरी काम प्रभावित हुने गरेको छ । गत वर्ष श्रम तथा रोजगार कार्यालय धनगढीबाट प्रदान हुने पुनः श्रम स्वीकृति सेवा अरेबिक भाषा अनुवादक छुट्टीमा गएका कारणले बन्द भएको थियो ।

# लागुऔषधसहित दुई जना पक्राउ

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २४ असोज

उदयपुरमा लागुऔषधसहित दुईजना पक्राउ परेका छन् । सिरहाको लहानबाट गाईघाटतर्फ आउँदै गरेको स ६ प.८५४२ नम्बरको स्कूटरलाई चेकजाँच गर्दा दुई जना पक्राउ परेका हुन् । त्रियुगा नगरपालिका-६ लाल्पत्ता प्रहरी चौकीबाट खटिएको प्रहरी टोलीले मंगलबार उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा त्रियुगा नगरपालिका -१० बोक्से बस्ने ३५ वर्षीय विकास भन्ने चन्द्र शेखर राई र सोही स्कूटरको पछाडि बस्ने त्रिनपा -११ शिवालयटोल बस्ने वर्ष ३० का विगेश राई रहेका छन् । जिल्ला प्रहरी कार्यालय उदयपुरको प्रहरी नायव उपरीक्षक हरिनन्दन चौधरीका अनुसार उनीहरुको साथबाट फेनार्गन २५ एम्पुल, ब्रुपिनोर्फिन २५ एम्पुल र डाईजेपाम २५ एम्पुल गरी जम्मा ७५ एम्पुल बरामद गरिएको छ । पक्राउ परेकालाई जिल्ला अदालत उदयपुरबाट १० दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

## भूलसुधार

मध्यान्ह दैनिकको मिति २०८० असोज २४ गते प्रथम पृष्ठमा प्रकाशित ‘मलेसिया बसेर नक्कली डिमाण्ड देखाउँदै ठग्दै’ शीर्षकको समाचारमा एसआर ग्रुप हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ । (स.)


## मलेशियामा रोजगार

कम्पनी: WILLING VEGETARIAN ENTERPRISE SB
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०४/०३ चलानी नं.: ६०१८३५४७ LT. No.: 267555 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 18 | 0 | स. काममा दक्ष | 1500 | ४२,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तार्वार्ता मेनपावर कार्यालयमा मिति २०८० कार्तिक २ गते (19 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

यूनाईटेड ईन्टरनेशनल म्यानपावर प्रा. लि.
श्रम ईजाजत नं.: ८३४/०६०/०६१
पुल्चोक, ललितपुर, फोन.: ०१-५१५३३३०, ५१५३३३२, Email : documentunitedint@gmail.com



## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०६/२५**

**जिस्पिसनसाइन ट्राभल एण्ड टुर प्रा.लि.** को मिति २०८०/०५/१० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कोटबारी एक्सप्रेस प्रा.लि. (प्रा.लि. नं.: २६६९६५)** साथै साविक ठेगाना परिवर्तन गरी **टोखा नगरपालिका-१०, काठमाडौं** कायम गर्ने गरी मिति २०८०/०५/२९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस टाईम्स म्यानेजमेन्ट सिस्टम प्रा.लि. (श्रम ईजाजत न.: ९४४/०६७/६८) मा कार्यरत कैलाली जिल्ला, लम्की-चुहा न.पा. वडा नं. ६ घर भई, नागररिकता नं ३७-०२-७५-०८६८१ को श्री **जानभी जोशी**ले आफ्नो सो इच्छाले कम्पनिमा राजीनामा दिनुभएको हुदा मिति २०८०/०६/२४ गते देखि यस प्रा. लि. बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निजसँग यस प्रा. लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन भनि यसै सार्वजनिक सूचना जारी गरिएको छ । यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन ।

TMS
श्रम ईजाजत नं.: ९४४/०६७/६८
TIMES MANAGEMENT SYSTEM PVT. LTD.
Bansbari, Kathmandu-3, Nepal
Tel: 01-5906211, 9802354881



## Shree Panchakrishna Secondary School
## Sahidbhumi Rural Municipality-04
**Piple, Dhankuta**
**Koshi Province, Nepal**

**Invitation For E-Bid**

**First Date of publication: 2080/06/25**

1. Shree Panchakrishna Secondary School, Piple, Dhankuta, invites Electronic Bids from eligible bidders for the procurement of the following works.
2. Electronic bids must be submitted to Shree Panchakrishna Secondary School, Piple, Dhankuta through PPMO website www.bolpatra.gov.np/egp
3. All other conditions of the bidding process will be as per the public procurement act 2063 and public procurement regulation 2064.
4. All other information and BID document can be download from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit Bids as per instructions within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Total Cost Exclusive. VAT | Cost of the Bid Document | Method | Bid Security | Last Submission Date |
|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Panchkrishna School Building (3C12) | 01- Panchakrishna /3C12/ 080-81 | NRs. 1,03,55,062.81 | NRs. 3,000.00 | NCB | NRs. 2,60,000.00 | 17 Nov 2023 (12:00 pm) |

**Information to deposit cost of bidding document**

Name of bank : Citizens Bank International Ltd.,
Name of office : Shree Panchakrishna Secondary School, Piple, Dhankuta
Office account no. : 0740100000029201
Office account name. : PANCHAKRISHNA MADHYAMIK BIDH

**PRINCIPAL**

# ‘कु’ गाउँले पहिलो पटक देख्यो गाउँपालिका ‘हाकिम’



**काठमाडौं/मस-** डोल्पाको शे-फोक्सुण्डो गाउँपालिका वडा नम्बर ७ ‘कु’ गाउँमा पहिलो पटक गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुगेका छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा गएको भदौ ४ गते शे-फोक्सुण्डो गाउँपालिकामा खटाइएका प्रमुख प्रशासकीय अधिकृत सुमन ढकाल पहिलो पटक ‘कु’ गाउँ पुगेका हुन् । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासहितको नेपालको संविधान जारी भएपछि वि.सं.२०७४ सालमा स्थानीय तहको निर्वाचन भयो । त्यसयता उक्त पालिकामा ४ जना प्रमुख प्रशासकीय अधिकृतले आफ्नो कार्यकाल पूरा गरेर फर्किए । हालसम्म उक्त वडामा कुनै पनि प्रमुख प्रशासकीय अधिकृत पुगेका थिएनन् ।

आ.व.२०८०/०८१ मा कार्यान्वयन हुने विभिन्न योजनाहरूको प्रारम्भिक स्थलगत फिल्ड निरीक्षण, उपभोक्ता समितिलाई अभिमुखीकरण, सामुदायिक तथा भौगोलिक अध्ययन अवलोकन लगायतको सिलसिलामा त्यहाँ पुगेका ढकाल ‘कु’ गाउँ पुग्ने पहिलो प्रमुख प्रशासकीय अधिकृत बनेका छन् । नेपालको विकट जिल्ला डोल्पाको विकट गाउँपालिका शे-फोक्सुण्डो जिल्लाको पनि अत्यन्तै विकट वडा मानिएको उक्त गाउँ पुग्न पालिका केन्द्रबाट घोडा/पैदल १२-१३ घण्टा लाग्छ ।

‘वि.सं.२०७४ सालको स्थानीय निर्वाचनताका निकै चर्चा पाएको ‘कु’ गाउँ नेपालको कान्छो गाउँको रुपमा परिचित छ । त्यसताका ‘कु’ गाउँमा पहिलोपटक मतदान भएको, त्यसअघि ‘कु’ गाउँको नक्सा सरकारी नक्सामा समावेश नभएको, त्यहाँका जनताले त्यसअघि कहिलै मताधिकार प्रयोग नगरेको, सरकारी दस्तावेजमा उक्त गाउँले पहिलोपटक स्थान पाएको, नेपालमा नयाँ गाउँ फेला परेको जस्ता विभिन्न समाचारहरू प्रकाशन भएपछि सबैको चासो र चर्चाको विषय बनेको थियो । यद्यपी त्यसो नभई वि.सं. २०७४ साल भन्दा अघिपनि उक्त गाउँलाई एक मतदान केन्द्र कायम गरी विभिन्न निर्वाचनमा मतदान भएको तथ्य फेला परेको ढकाल बताउँछन् ।

प्रमुख प्रशासकीय अधिकृत ढकाल भन्छन्, ‘पहिलो पटक आफू ‘कु’ गाउँ पुग्दा त्यहाँका जनताको मुहारमा खुसीको उभार थियो, कुनै उत्सव मनाएझैं देखिन्थ्यो । ’कु’ गाउँबासी बाट प्राप्त गरेको सम्मान र सद्भाव अविस्मरणीय नै बन्यो ।’ आफू पुगेको साँझ त्यहाँका जनताले स्थानीय भाषा र भेषभुषाका विभिन्न गीत तथा नाचहरू देखाएको उनी बताउँछन् ।

गाउँपालिकामा हाजिर भएलगत्तै स्थलगत अवलोकन भ्रमणमा निस्किएका ढकाल आफूसँग समय भएसम्म सबै वडाका सबै समुदायहरूमा पुग्ने र त्यहाँको भूगोल, भाषा संस्कृती, भेषभूषा, जीवनशैली, संस्कार र रितिथिती अनुभूत गर्ने इच्छा भएको बताउँछन् ।

# कर्णाली सरकारले इजरायलमा मृत्यु भएकाको परिवारलाई तीन लाख दिने

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २४ असोज




कर्णाली प्रदेश सरकारले इजरायलमा फ्यालेस्टाइनी अतिवादी समूह हमासले गरेको आक्रमणमा मृत्यु भएका विद्यार्थीका परिवारलाई जनही तीन लाख रुपैयाँ प्रदान गर्ने भएको छ । बुधबार बसेको मन्त्रिपरिषदको बैठकले इजरायलमा मृत्यु भएका सबैप्रति श्रद्धाञ्जली एवम् घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै मृत्यु भएका कर्णालीका नागरिकका परिवारलाई तीन लाख रुपैयाँ प्रदान गर्ने निर्णय गरेको हो । यस्तै बैठकले इजरायलमा रहेका नागरिकको छिटो भन्दा छिटो उद्धार गर्न पनि संघीय सरकारलाई आग्रह गरेको छ ।

यस्तै बैठकले नेपाल बार एशोसियनको नियमित वार्षिक साधारण सभाका लागि १५ लाख रुपैयाँ सहयोग/अनुदान प्रदान गर्ने निर्णय गरेको छ । यस्तै बैठकले भदौ र असोजमा अविरल वर्षा तथा हावाहुरी लगायत प्राकृतिक प्रकोपवाट कर्णाली प्रदेशका विभिन्न जिल्लाहरुमा भएको बालीनाली तथा पशुपन्छीहरु क्षति भएकोमा कृषकहरुलाई ६ करोड रुपैयाँ राहत प्रदान गर्न स्वीकृति दिएको छ ।

# दोलखामा पहिलो पटक जरा कलाकृति तालिम हुँदै

**ईश्वर विश्वकर्मा/मध्यान्ह**
चरिकोट, २४ असोज



दोलखामा पहिलो पटक जरा कलाकृति बनाउने तालिम आयोजना हुने भएको छ । जराबाट कलाकृति सिर्जना गर्ने कलाको विकास र विस्तारका लागि माइती मञ्च दोलखाले तालिम आयोजना गर्ने भएको हो ।

खेर गइरहेको रुखका जरा संकलन गरी बुट्टा खोपेर आकर्षक कलाकृति निर्माण गर्न तालिम सञ्चालन हुने माइती मञ्चले जनाएको छ । सामान्य मानिसका लागि रुखको जरा दाउरा बाहेकमा उपयोग हुँदैन । तर कलाकारको हातमा परे सुन्दर कलाकृति सिर्जना हुन सक्छ । त्यसका लागि सीप र कला भने हुनु पर्छ । यही कुरालाई मध्यनजर गर्दै कला सिक्न इच्छुकका लागि तालिम आयोजना गर्न लागिएको मञ्चकी अध्यक्ष पार्वती खड्काले बताइन् । तालिममा १५ जनालाई सहभागी गराइने छ । माग भएमा पछि बढाउन पनि सकिने छ । तालिम सञ्चालन हुने मिति र स्थान भने प्रशिक्षार्थी संख्या पुगेपछि तोकिने अध्यक्ष खड्काले बताइन् ।

जंगल, नयाँ खनिएका सडकबाटो, खोला किनारमा पाइने जरालाई विभिन्न रुप र आकृतिमा प्रस्तुत गर्न सकिन्छ भन्ने उदाहरणहरु नेपालमा थुप्रै छन् । चरिकोटमा पनि सुजन खड्काले जरा कलाकृति उत्पादन गरिरहेका छन् । उनले जराबाट धर्मसंस्कृतिको चित्राकृति, मानिस र जनावरका आकृति, देवीदेवताका कलाकृति बनाउने गरेका छन् ।

जराकला तालिम सञ्चालन हुने भएपछि आफूलाई खुसी लागेको सुजन बताउँछन् । ‘म पाँच वर्षदेखि जरा कलाकृतिमा रमाइरहेको छु । तर यसको विस्तार हुन नसकिरहेको बेला तालिम आयोजना गर्नु खुसीको कुरा हो,’ उनले भने । भर्खरै चर्चामा आउन लागेको जरा कलाकृतिको विकास र संरक्षणमा स्थानीय तहले चासो नदिनु दुःखद रहेको उनले बताए ।

# ‘सरकार हरेक क्षेत्रमा असफल बन्दै गएको छ’

**शोभाखर पन्थी/मध्यान्ह**
अर्घाखाँची, २४ असोज




नेकपा एमालेका स्थायी कमिटी सदस्य भानुभक्त ढकालले सरकार हरेक क्षेत्रमा असफल बन्दै गइरहेको बताएका छन् ।

नेकपा एमाले लुम्बिनी प्रदेश कमिटीद्वारा देउखुरीमा आयोजित जनसंगठन समन्वय संयन्त्रको बैठकमा मन्तव्य राख्दै उनले वर्तमान सरकार राजनीतिक, आर्थिक, सामाजिक, कुटनीतिक क्षेत्रमा असफल सावित भएको आरोप लगाए । उनले यो सरकार देश र जनताको निम्ति बोझ सावित भएको भन्दै सरकारले नैतिक धरातल गुमाइसकेको बताए ।

नेकपा एमाले जनसंगठन संयन्त्रका प्रमुख समेत रहेका नेता ढकालले जनताका जल्दाबल्दा समस्या, पेशागत सुरक्षा र मागलाई लिएर अगाडि बढ्न जनसंगठनलाई निर्देशन समेत दिए ।

कार्यक्रममा मन्तव्य राख्दै नेकपा एमालेका पोलिटब्यूरो सदस्य तथा लुम्बिनी प्रदेश सरकारका पूर्वमुख्यमन्त्री लिला गिरीले वर्तमान सरकारले देश र जनताको पक्षमा काम गर्न नसकेको बताए ।

उनले महंगी बढेको, सरकारकै संरक्षणमा भ्रष्टाचार मौलाएको भन्दै सरकारका विकृतिको भण्डाफोर गरी जनताको पक्षमा आवाज बुलन्द गर्न कार्यकर्तालाई आग्रह गरे ।

नेकपा एमाले लुम्बिनी प्रदेश कमिटीका अध्यक्ष राधाकृष्ण कँडेलले लुम्बिनी प्रदेशमा नेकपा एमाले एक ढिक्का रहेको बताए । उनले उच्च मनोबलका साथ संगठन निर्माण र सुदृढीकरणको निम्ति जुट्न कार्यकर्तालाई आग्रह गरे ।

नेकपा एमाले लुम्बिनी प्रदेश कमिटीका सचिव तथा जनसंगठन समन्वय संयन्त्रका प्रमुख लक्ष्मण आचार्यको अध्यक्षता र उपप्रमुख नरेश भण्डारीको सञ्चालनमा सम्पन्न कार्यक्रममा नेकपा एमाले केन्द्रीय कमिटीका सदस्य लक्ष्मण ज्ञवाली, मो.हारुन हलुवाई, साजिदा सिद्धिकी, प्रदेश कमिटीका उपसचिव लिला राना लगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रममा २३ वटा जनवर्गीय संगठनका प्रमुखहरुले आ-आफ्नो संगठनको अवस्था र भावी योजना प्रस्तुत गरेका थिए ।

बैठकले कात्तिक १५ गतेसम्म सबै जनसंगठनका बैठक सम्पन्न गर्ने, कार्तिक मसान्तसम्म समयअवधि सकिएका संगठनको अधिवेशन तथा भेला गर्ने, माघ मसान्तसम्म सबै जनसंगठनले अभियानकै रुपमा सदस्यता वितरण गर्ने, पुस मसान्तभित्र सबै जनसंगठनका प्रदेश पदाधिकारीको प्रशिक्षण सम्पन्न गर्ने, प्रत्येक जनसंगठनले श्रम शिविर, स्वास्थ्य शिविर, खेलकुद, रक्तदान, अन्तरक्रिया लगायतका रचनात्मक क्रियाकलाप आफ्नो अनुकुलता र सन्दर्भ अनुसार सञ्चालन गर्ने लगायतका महत्वपूर्ण निर्णय गरेको नेकपा एमालेका नेता होइन चापागाईंले जानकारी दिए ।

# सिरहाका पाँच ठाउँमा यात्रु सहायता कक्ष

**रामएकवाल राम/मध्यान्ह**
लहान, २४ असोज



सिरहाका पाँच स्थानमा यात्रु सहायता कक्ष स्थापना गरिएको छ । चाडपर्वमा यात्रुहरुलाई आवतजावतमा सहयोग गर्ने उद्देश्यले सामुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला प्रहरी कार्यालय सिरहा र ट्राफिक प्रहरी कार्यालय लहानले संयुक्त रुपमा पाँच स्थानमा यात्रु सहायता कक्षको स्थापना गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डीएसपी रबिन्द्रराज पाण्डेले जानकारी दिए ।

प्रहरीका अनुसार जिल्लाको गोलबजार, लहान, मिर्चैया, सिरहा लगायतको बसपार्कमा नागरिक सहायता कक्ष स्थापना गरिएको छ । चाडपर्वको समयमा बसपार्क क्षेत्रमा अत्यधिक भीड हुने भएकाले नागरिकको सहजताको लागि सहायता कक्ष स्थापना गरिएको जिल्ला प्रहरी कार्यालयका सिरहाले जनाएको छ ।

# रौतहट दुर्गा भगवतीमा निःशुल्क आँखा शिविर, ७८ जनामा मोतियाबिन्दु

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २४ असोज

**विश्व दृष्टि दिवस**




विश्व दृष्टि दिवसको अवसरमा रौतहटको दुर्गा भगवती गाउँपालिकामा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । गंगापिपरास्थित सामुदायिक भवनमा डाक फाउण्डेशनको सहयोग तथा नेपाल नेत्रज्योती संघ गौर आँखा अस्पताल गौरको आयोजनामा शिविर सम्पन्न भएको दुर्गा भगवती गाउँपालिका अध्यक्ष शम्भु सिंहले बताए ।

सो शिविरमा २ सय ५३ जना पुरुष, १ सय ५४ जना महिला गरी ४ सय ७ जनाले आँखाको परीक्षण गराएका थिए । जसमा ७८ जनालाई मोतिया बिन्दु भएको उनीहरुलाई निःशुल्क रुपमै शल्यक्रिया गरिने शिविरका कार्यक्रम संयोजक सत्येन्द्र पाण्डले बताए ।

शिविरमा १ सय ८१ जना आँखाको बिरामीलाई चस्मा र १ सय ४८ जनालाई औषधि निःशुल्क रुपमा उपलब्ध गराइएको कार्यक्रम संयोजक पाण्डेले बताए ।

शिविर सञ्चालन भइरहेको बेला गाउँपालिका अध्यक्ष शम्भु सिंह, उपाध्यक्ष शिला देवी, वडा नम्बर १ का अध्यक्ष प्रदुम्न चौधरी, स्वास्थ्य संयोजक दिनेश महतो, आँखा अस्पतालको प्रशासन प्रमुख नागेश्वर जयसवाल, लेखा प्रमुख पवन न्यौपानेसहितका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

## पूर्वाधार विकास कार्यालय दुनै डोल्पाको सम्सोधन सम्बन्धी सूचना

उपरोक्त बिषयमा मिति २०८०-०६-२४ गतेको यस मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित ठेक्का आब्हान सम्बन्धी सूचनाको सि.नं. १०, ठेक्का नं IDO/DOP/NCB/WORK2080–081–10, योजनाको नाम Thala Thange Ghorang Papaal Hundai Rukum Road (Thala Gaun Dekhi Thange lek Section), Thulibheri Mun.–2, Thala Dolpa" को Estimated Amount (Without VAT, PS and Contingency) र Bid Security Amount (NRs) तपशिल बमोजिम हुन पर्नेमा अन्यथा भएकोले सच्च्याइएको छ ।

**तपशिल**

| S. N. | Contract ID No. | Descriptions of Works | Estimated Amount (Without VAT, PS and Contingency) | Bid Security Amount (NRs) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|---|
| 10 | IDO/DOP/ NCB/WORK/ 2080-081-10 | Thala Thange Ghorang Papaal Hundai Rukum Road (Thala Gaun Dekhi Thange lek Section), Thulibheri Mun.-2, Thala Dolpa | 4,257,939.36 | 132,700.00 | 3,000.00 |

**कार्यालय प्रमुख**

**Punarbas Municipality**
**Office Of The Municipal Executive**
**Sudurpaschim Province, Kanchanpur**

## Invitation for Bids

**Contract Identification No: PUN/MUN/080/81- 01**
**Date of publication : 5th October, 2023 (2080/06/18)**

1. **Punarbas Municipality Office** invites NCB from eligible bidders for the Construction work of as mentioned in table below under bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Punarbas Municipality, Office of The Municipal Executive, Punarbas, Kanchanpur** and visit PPMO e-GP system **www.bolpatra.gov.np/egp.**

| S N | Contract ID | Description | Estimated amount (with VAT & PS) | Bid Security | Bid Validity Period | Price for Tender document |
|---|---|---|---|---|---|---|
| 1 | PUN/MUN/ 080/81- 01 | River Training Works Along Doda River Punarbas-08,9 Kanchanpur. | 98,22,756.36/- | 2,50,000/- | 90 days | 3000/- |

**Chief Administrative Officer**



मध्यान्ह
www.madhyanhadaily.com
२५ असोज २०८०, बिहीबार
12 October 2023, Thursday

## सम्पादकीय

# स्वागतयोग्य निर्णय

बुधबार बसेको मन्त्रिपरिषद् बैठकबाट कर्णाली प्रदेश सरकारले किसानहरूलाई क्षतिपूर्ति दिन ६ करोड रूपैयाँ दिने निर्णय भएको छ । गत भदौ र असोजमा भारी वर्षासहित आएको हावाहुरीले बालीनालीमा क्षति पुगेको थियो । यसबाहेक अन्य प्रकोपमा समेत परेका प्रदेशका १० वटै जिल्लाका किसानहरूलाई राहत दिन प्रदेश सरकारले ६ करोड रूपैयाँ निकासा गर्ने निर्णय गरेको छ । किसानलाई दिने भनिएको यो राहत रकम पर्याप्त भने होइन । किनकि क्षतिको आँकलन नगरी मन्त्रिपरिषद्ले अनुमानित रकम निकास गरेको छ । तर यसको सन्देश भने पर्याप्त छ, अरू प्रदेश, स्थानीय सरकार र संघीय सरकारले पनि कर्णाली सरकारबाट सिक्न जरूरी छ । किनकि अहिले कुनै पेशा सवैभन्दा धेरै उपेक्षित छ भने त्यो कृषि नै हो ।

जबकी मुलुकको कुल ग्राहस्थ उत्पादनमा २३ प्रतिशत कृषि क्षेत्रकै योगदान छ भने ५१ प्रतिशत मानिस यसै पेशामा आवद्ध छन् । तर किसान र कृषि सरकारको प्राथमिकतामा कहिल्यै पर्ने गरेको छैन । सरकारले कृषि क्षेत्रमा गर्ने लगानी अझै शरमलाग्दो छ । जीडीपीमा २३ प्रतिशत बढी योगदान रहेको कृषि क्षेत्रमा सरकारले २ प्रतिशत हाराहारीमा बजेट छुट्याउने गरेको छ । यो रकमको ठूलो हिस्सा मल खरीदमा जाने गरेको छ । त्यही मल पनि बेलैमा नआउने समस्या आजसम्म हल हुन सकेको छैन । बिचौलियाका कारण मल समयमा किसानले नपाउँदा उत्पादन बढ्न सकिरहेको छैन । अझ यो वर्ष किसानले ठूलो प्रकोपको सामना गर्नु परेको छ ।

लम्की स्कीन प्रकोपका कारण किसानले ५० हजार हाराहारीमा गाई गुमाएका छन् भने १० लाख बढी गाईमा यस्तो समस्या देखिएको थियो । गाइगोरू मर्दा र रोग देखिदा अर्वौं रूपैयाँ किसानले नोक्सानी खेप्नु परेको छ । तर यो क्षतिबारे संघीय सरकारले अहिलेसम्म कुनै प्याकेज ल्याएको छैन । यस्तो प्रकोप रोकथाम गर्न समयमा खोप उपलब्ध गराउन नसकेको सरकारले अहिले किसानको क्षतिप्रति कुनै सहानुभूति देखाउन सकेको छैन । लामो समय खडेरी, बाढी र डुवानबाट पुग्ने क्षतिबारे किसानलाई राहत दिनेबारे कहिले सोच्ने समेत गरेको पाइदैन । यस्तो प्रवृत्ति बदल्ने गरी कर्णाली प्रदेश सरकारले गरेको निर्णय स्वागत योग्य छ । किनकि किसानलाई सम्मान र पुगेको क्षतिमा राहत दिने प्रचलन नभएसम्म कृषि क्षेत्रको आकर्षण बढ्ने संभावना छैन ।

# नीतिमा अस्पष्टताको परिणाम

*सबै देशको आफ्नो नीतिगत अडान हुन्छन् । जुनसुकै पात्र नेतृत्वमा आएपनि, जुनसुकै दलले सरकार चलाएपनि विदेश सम्बन्धमा खास फेरबदल हुँदैन । तर, हाम्रो नियति बेग्लै छ । दलबिच्छे नीति फरक मात्रै र विरोधी खालका छन् । जसले हामीमाथि कसैले विश्वास नगर्ने अवस्था पनि सिर्जना गराएको छ ।*

अग्रलेख



● सन्दिप पनेरू

आज राष्ट्रपतिको भूमिकालाई लिएर थुप्रै प्रश्नहरू उठिरहेका छन् । संविधानको पालना र संरक्षण गर्ने प्रमुख जिम्मेवारी राष्ट्रपतिको हो । तर, आज स्वयम् राष्ट्रपति नै संविधानविरुद्ध अग्रसर भइरहेको आरोप लागेको छ । सरकार बचाउन र सत्तासिन दलहरूलाई रिझाउन सरकारले संविधान र कानुन विपरीत गरेका असंवैधानिक निर्णयलाई पनि राष्ट्रपतिले आँखा चिम्लिएर स्वीकृति प्रदान गरिरहेको आरोप उनीमाथि छ ।

सतहमा योगराज ढकाल 'रिगल'लगायतका केही घटनाहरू छन् । अदालतबाट नै सर्वस्वहरणसहित जन्म कैद पाएकाहरूलाई समेत कैद मिनाहा गरी जेलबाट छुट्याउने काम भएको छ । तथापी, यस्तो निर्णय वर्तमान राष्ट्रपतिबाट मात्रै नभएर पूर्व राष्ट्रपतिहरूबाट समेत हुँदै आएको थियो । यस्तो निर्णयमा राष्ट्रपति कार्यालय औपचारिकरुपमा मौन छ । उसले सरकारको सिफारिसलाई सदर गरेको भाषा विभिन्न माध्यममार्फत दिइरहेको छ । संविधानअनुसार हेर्दा पनि यो जवाफ ठिकै हो । तथापी, उठेका प्रश्नलाई हेर्दा राष्ट्रपति कार्यालयमा किन दर्जन विज्ञ राखिएका हुन् ? सल्लाहकारको जम्मो टोली किन राखिएको हो ? राष्ट्रपतिबाट सदर भएको यस्ता निर्णयले संविधानमाथि नै प्रश्न उठाएका छन् । सँगै संविधानमाथि प्रश्न राष्ट्रपतिको निर्णयमात्रै उठेको छैन, सरकारको थुप्रै निर्णय एवम् कदमले संविधानमाथि प्रश्न उठाइरहेका छन् ।



यहाँ संविधानविरोधी शैलीमा भइरहेका हर्कतबारे केही चर्चा गर्ने प्रयास गरिएको छ । मूलतः संविधानलाई कुल्चिएर गरिएका निर्णयले ल्याएका समस्याबारे खोतल्ने प्रयास भएको छ । विशेषतः परराष्ट्र सम्बन्धमा भएका कमजोरीलाई केलाउन खोजिएको छ ।

नेपालको संविधानको धारा ५१ को उपधारा (ङ) को अन्तर्राष्ट्रियसम्बन्धी नीतिमा स्वतन्त्र परराष्ट्र नीतिअन्तर्गत असंलग्नता र पञ्चशीलताको सिद्धान्तको उल्लेख छ । त्यसअनुरूप नेपाल कुनै पनि अन्तर्राष्ट्रिय गुट-उपुगटमा समावेश नभई स्वतन्त्र परराष्ट्र नीति अपनाउने भनिएको छ । तर, नेपाल अहिले अन्तराष्ट्रिय शक्ति केन्द्रहरूको रणभूमि बन्न उद्धत छ । कहिले के इश्यूमा कसको पक्षमा उभिने त कहिले के इश्यूमा कुनको पक्षधर हुने, आज प्रश्न बर्गेल्ती उठेका छन् ।

